शुक्लाफाँटा नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ७ | संख्याः १५ | मितिः २०८०/१२/२६ गते

भाग — २

शुक्लाफाँटा नगरपालिका

## विद्यालय शिक्षा व्यवस्थापन तथा अनुदान वितरण कार्यविधि, २०८०

**कार्यपालिकाबाट स्वीकृत मितिः २०८०/१२/२३ गते**

**१. प्रस्तावनाः**

नेपालको संविधानको अनुसुची ८ को क्रमसंख्या ८ मा स्थानीय तहको अधिकार मध्ये आधारभूत तथा माध्यमिक तहको शिक्षा व्यवस्था रहेको साथै स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा २ ज को उपखण्ड १०, ११ र १२ मा क्रमशः विद्यालयको गुणस्तर अभिवृद्धि तथा पाठ्य सामग्रीको वितरण, सामुदायिक विद्यालयको शिक्षक तथा कर्मचारीहरुको दरबन्दी मिलान, विद्यालय नक्सांकन, अनुमति, स्वीकृति, समायोजन तथा नियमन गर्ने काम, कर्तव्य र अधिकार स्थानीय तहमा रहेको सन्दर्भमा सो उद्देश्य पुरा गर्न सवैले शिक्षा प्राप्त गर्ने मौलिक हक सम्वन्धि संबैधानिक व्यवस्थालाई समेत पुरा गर्न र सवैलाई गुणस्तरीय शिक्षा प्रदान गर्नु नगरपालिकाको दायित्व भित्र पर्ने विषयलाई मध्यनजर गर्दै नियमानुसार तोकिएको शिक्षक दरबन्दी नभएका विद्यालयहरुलाई शिक्षकको व्यवस्थापन गर्न र सवैलाई गुणस्तरीय शिक्षाको पहूँचमा पुर्याउन नगर कार्यपालिकाले यो कार्यविधि बनाई लागू गरिएकोछ ।

### परिच्छेद १

### प्रारम्भ

**१ संक्षिप्त नाम र प्रारम्भः**

१.१ यस कार्यविधिको नाम **विद्यालय शिक्षा व्यवस्थापन तथा अनुदान वितरण कार्यविधि २०८०** हुनेछ ।

१.२ यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागू हुनेछ ।
१.३ विषय वा प्रसंगले अन्य अर्थ नलागेमा यस कार्यविधिमा
क. ऐन भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ सम्झनु पर्छ ।
ख. नियमावली भन्नाले नगर शिक्षा सञ्चालन कार्यविधि २०७५ (संसोधन सहित) सम्झनु पर्छ ।
ग. कार्यविधि भन्नाले विद्यालय शिक्षा व्यवस्थापन तथा अनुदान कार्यविधि २०८० सम्झनु पर्छ ।
घ. कार्यपालिका भन्नाले शुक्लाफाँटा नगरपालिका नगर कार्यपालिका सम्झनु पर्छ ।
ङ. नगरपालिका भन्नाले शुक्लाफाँटा नगरपालिका सम्झनु पर्छ ।
च. विद्यालय भन्नाले सामुदायिक विद्यालय सम्झनु पर्छ ।
छ. शिक्षक भन्नाले बालविकास, आधारभूत र माध्यमिक तहमा अध्यापन गर्ने शिक्षकलाई जनाउनेछ।
ज. कर्मचारी भन्नाले सामुदायिक विद्यालयमा शिक्षक बाहेकका राज्यबाट अनुदान पाउने अन्य कर्मचारीलाई जनाउने छ ।
झ. व्यवस्थापन समिति भन्नाले विद्यालय व्यवस्थापन समिति सम्झनु पर्छ ।
ञ. दरबन्दी भन्नाले यस प्रयोजनका लागि स्वीकृत दरबन्दी, राहत अनुदान र शिक्षण सिकाइ अनुदान समेतलाई जनाउनेछ ।
ट. दरवन्दी गणना प्रयोजनमा शिक्षण सिकाई सहयोग अनुदान भन्नाले संघीय सरकारवाट प्राप्त शिक्षक व्यवस्थापनका लागि दिइने अनुदान सम्झनु पर्दछ ।
ठ. शिक्षण सिकाइ सहयोग अनुदान भन्नाले शिक्षक व्यवस्थापनका लागि नगरपालिकावाट विद्यालयलाई दिइने अनुदान सम्झनु पर्दछ ।

**२. उद्देश्य**

**क.** नगरपालिका अन्तर्गत शिक्षक विद्यार्थी अनुपात र विषयगत शिक्षक दरबन्दी मिलान गरी न्यून दरबन्दी भएका विद्यालयहरुमा शिक्षक व्यवस्थापनको लागि शिक्षण सिकाइ अनुदानको व्यवस्थापनबाट सवैका लागि गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्नु ।

**ख.** सामुदायिक विद्यालयहरुमा योग्य र सक्षम नेतृत्व व्यवस्थापन गरी विद्यालय सञ्चालन तथा व्यवस्थापनमा सुधार गर्नु ।

**ग.** नगरपालिकावाट वितरण हुने अनुदानको मापदण्ड निर्धारण गरी सवै बालवालिकाको शिक्षामा समान पहूँच र गुणस्तरमा सुधार ल्याउनु ।

घ. विद्यालय नक्सांकनको आधारमा विद्यालय समायोजन (विद्यालय मर्ज र डाउनसाइज) गरी गुणस्तरीय शिक्षा प्रदान गर्नु ।

ङ . विद्यालयमा विद्यार्थी संख्या र शिक्षक अनुपातका आधारमा न्यायोचित रुपमा अनुदान रकम वितरण गरी शिक्षक अभावलाई परिपुर्ति गरी शिक्षण सिकाइलाई प्रभावकारी बनाउनु ।

## परिच्छेदः २

## विद्‌यालयमा रहने न्यूनतम शिक्षक दरबन्दी

**३. आधारभूत तह कक्षा १–५ सम्म**

**क.** कक्षा १-३ मात्रै सञ्चालित विद्यालयमा ५० विद्यार्थी सम्म भएमा २ दरबन्दी, ५० देखि ७५ जनासम्म विद्यार्थी भएमा ३ दरवन्दी र सो भन्दा बढि विद्यार्थी भएमा प्रति कक्षा थप ५० विद्यार्थीमा १ जनाका दरले थप दरबन्दी कायम हुनेछ ।

**ख.** कक्षा १-५ मा ३० जना सम्म विद्यार्थी भएमा २ दरवन्दी, ५० जना सम्म विद्यार्थी भएमा ३ दरबन्दी, सो भन्दा माथि १०० जना सम्म ४ दरबन्दी, सो भन्दा माथि प्रति ४० जना विद्यार्थीमा १ जनाका दरले दरबन्दी थप कायम हुनेछ ।

**ग.** खण्ड क र ख अनुसार दरबन्दी वितरण गरे पछि बाँकी रहेका दरबन्दीलाई नगरपालिकाको पुलमा राखे र कक्षा ६-८ मा न्यून दरबन्दी भएका सोहि विद्यालय वा अन्य विद्यालयहरुमा ६ – ८ कै दरबन्दीमा गणना हुने गरी कामकाज गर्न खटाउन सकिनेछ ।

**घ.** खण्ड ग अनुसार कक्षा ६ – ८ मा कामकाजमा खटाइने प्राथमिक तहको शिक्षक सम्वन्धित तहको प्राज्ञिक योग्यता पुगेको हुनु पर्नेछ ।

**ङ.** नगरपालिकाको आवश्यकता अनुसार नगरबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका तर कुनै किसिमको दरबन्दी नभएका प्रारम्भिक कक्षाका ( आधारभूत तह कक्षा १ - ३ ) विद्यालयहरुमा शिक्षक र विद्यालय सहयोगीका लागि शिक्षण सिकाइ सहयोग अनुदानको व्यवस्था गर्न सकिनेछ।

**च.** दरबन्दी मिलानको सिलसिलामा दरबन्दी कटौती हुने विद्यालयवाट शिक्षकलाई स्थानान्तरण वा पुलमा राख्दा औचित्य र आवश्यकताका आधारमा राखिनेछ।

**४. आधारभूत तह कक्षा ६ – ८ सम्म**

**क.** आधारभूत तह कक्षा ६ – ८ मा विषयगत रुपमा न्यूनतम ४ दरबन्दी र कक्षाको वर्ग भएमा प्रति वर्ग १ जनाका दरले दरबन्दी थप हुने । एउटा कक्षामा ५० विद्यार्थी सम्ममा एउटा वर्ग र सो को ५० प्रतिशत भन्दा बढि विद्यार्थी भएमा अर्को बर्ग थप्न सकिने र प्रति कक्षा १२० भन्दा बढी विद्यार्थी भएमा तेस्रो वर्ग थप गर्न सकिनेछ।

**ख.** खण्ड क को आधारमा विषयगत न्यूनतम दरबन्दी कायम भएता पनि हाल नगरपालिका भित्र विद्यमान शिक्षक संख्या (अनुदान कोटा समेत) को आधारमा विद्यार्थी संख्यालाई आधार बनाएर दरबन्दी वितरण गर्न सकिने छ ।

**ग.** एउटा विद्यालयमा एउटै विषयका १ भन्दा वढी शिक्षक भएमा आवश्यकता र औचित्यको आधारमा अन्य विद्यालयमा विषयगत मिलान गर्ने र सो मिलान गर्दा जेष्ठताका आधारमा कनिष्ठ शिक्षकलाई प्राथमिकताका आधारमा मिलान गर्न सकिने छ ।

**५. माध्यमिक तह कक्षा ९ – १० सम्म**

**क.** माध्यमिक तह कक्षा ९ – १० मा विषयगत रुपमा न्यूनतम ५ दरबन्दी र कक्षाको वर्ग भएमा प्रति वर्ग १ जनाका दरले दरबन्दी थप हुनेछ । एउटा कक्षामा ५० विद्यार्थी सम्ममा एउटा वर्ग र सो को ५० प्रतिशत भन्दा बढि विद्यार्थी भएमा अर्को बर्ग थप्न सकिने छ र प्रति कक्षा १२० भन्दा बढी विद्यार्थी भएमा तेस्रो वर्ग थप गर्न सकिनेछ।

**ख.** खण्ड क को आधारमा विषयगत न्यूनतम दरबन्दी कायम भएता पनि हाल नगरपालिका भित्र विद्यमान शिक्षक संख्या( अनुदान कोटा समेत ) को आधारमा विद्यार्थी संख्यालाई आधार बनाएर दरबन्दी वितरण गर्न सकिनेछ ।

**ग.** एउटा विद्यालयमा एउटै विषयका १ भन्दा वढी शिक्षक भएमा आवश्यकता र औचित्यको आधारमा अन्य विद्यालयमा विषयगत मिलान गर्न सकिनेछ र सो मिलान गर्दा जेष्ठताका आधारमा कनिष्ठ शिक्षकलाई प्राथमिकताका आधारमा स्थानान्तरण गर्न सकिनेछ ।

घ. विषयगत मिलान गर्दा कक्षा ११ – १२ सञ्चालन भएका विद्यालयहरुमा विषयगत शिक्षकको आवश्यकता र उक्त तहमा विद्यमान विषयगत शिक्षकहरुलाई समेत आधार लिनु पर्नेछ ।

**६. माध्यमिक तह कक्षा ९ – १२ सम्म**

**क.** कक्षा ११ -१२ सञ्चालन भएका माध्यमिक विद्यालयहरुमा २ अनुदान /दरबन्दी कायम रहनेछ । यदि कुनै माध्यमिक विद्यालयले कक्षा ११ -१२ मा विज्ञान विषय समेत अध्यापन गराएमा थप १ अनुदान /दरबन्दी थप्न सकिनेछ । कक्षा ११ -१२ मा कुनै पनि अनुदान प्राप्त नभएका विद्यालयहरुलाई नगरपालिकाले यस बुँदामा उल्लेख भएबमोजिम शिक्षण सिकाइ अनुदान वितरण गर्न सक्नेछ ।

**ख.** माध्यमिक तह कक्षा ९ -१० र कक्षा ११ -१२ मा कार्यरत शिक्षकहरुले अध्यापन गर्दा प्रचलित कानून बमोजिम तोकिएको न्यूनतम पिरियड पूरा हुने गरी माध्यमिक तह कक्षा ९ -१२ मा अध्यापन गर्नुपर्नेछ । यसरी अध्यापन गर्दा माध्यमिक तह कक्षा ९ -१० मा नियुक्त शिक्षकहरुको माध्यमिक तह कक्षा ११ -१२ मा अध्यापन गर्नका लागि न्यूनतम शैक्षिक योग्यता पुगेको हुनुपर्नेछ ।

**७. तहगत स्थायी शिक्षकको व्यवस्थापन**

**क.** नगरपालिकामा विद्यमान उपलव्ध स्थायी शिक्षक दरबन्दीको आधारमा प्रत्येक विद्यालयमा सम्वन्धित तहको न्यूनतम एउटा स्थायी शिक्षकको व्यवस्थापन नगर शिक्षा समितिको सिफारिसमा नगर कार्यपालिकाको निर्णयवाट गरीनेछ । तर माध्यमिक तह संचालित विद्यालयमा माध्यमिक स्थायी शिक्षक व्यवस्थापन हुन नसकेमा सो विद्यालयमा निम्न माध्यमिक तह क्रमश: प्रथम, द्वितिय वा तृतीय श्रेणीको शिक्षक र निम्न माध्यमिक तह सञ्चालित विद्यालयमा निम्न माध्यमिक स्यायी शिक्षक व्यवस्थापन हुन नसकेमा सो विद्यालयमा क्रमश: प्रथमिक तह प्रथम, द्वितिय वा तृतीय श्रेणीलाई पनि व्यवस्थापन गर्न सक्नेछ ।

**ख.** राहत शिक्षक मात्रै भएको विद्यालयमा सोहि तह र विषयको स्थायी शिक्षकलाई अन्य विद्यालयवाट कामकाजको लागि राहत शिक्षक संग मिलान गर्न सकिनेछ ।

**ग.** खण्ड ख अनुसार स्थायी शिक्षक खटाउनु पर्ने विद्यालयमा सम्वन्धित तहको राहत कोटामा शिक्षक नभएको अवस्थामा स्थायी शिक्षक खटि जाने विद्यालयमा नगरपालिकाको अनुदानमा नियुक्त शिक्षक वा नियुक्तिका लागि शिक्षक अनुदान कोटा प्रदान गर्न सकिनेछ ।

**८. बालविकास केन्द्र र शिक्षक व्यवस्थापन**

**क.** मातृ विद्यालयवाट भौगोलिक बिकटताका आधारमा १.५ किलोमिटर भन्दा कम दूरि भएका बालविकास केन्द्रहरुलाई नगर शिक्षा समितिले नजिकको विद्यालयमा सार्न सकिनेछ ।

**ख.** न्यूनतम २० जना शिशु भएका केन्द्रमा १ जना शिक्षक र सोही संख्याको ५० प्रतिशत भन्दा वढी शिशु भएमा थप १ जनाका दरले बालबिकास शिक्षक व्यवस्थापन गरिनेछ ।

**ग.** खण्ड क अनुसार सारिने विद्यालयमा शिशु र बालबिकास शिक्षक अनुपात तोकिएको भन्दा बढि भएमा बालबिकास शिक्षकलाई आवश्यक भएको विद्यालयमा शिक्षा समितिको निर्णय अनुसार स्थानान्तरण गरीनेछ ।

**घ.** शिशु अनुपातमा वढी भएका बालबिकास शिक्षकलाई आवश्यक भएका विद्यालयहरुमा खटाइनेछ र यसरी मिलाएर बढी हुन आउने बालबिकास शिक्षकलाई नगरपालिकाको पुलमा राखी नगर शिक्षा समितिको सिफारिसमा कार्यपालिकाले सोही विद्यालय वा नगरपालिका भित्र अन्यत्र मिल्दो कामकाजका लागि खटाउन सक्नेछ ।

**९. विद्यालय समायोजन तथा स्तर निर्धारण ( मर्ज तथा डाउन साइजिङ्)**

**क.** विद्यालयहरुको एक आपसको दुरी, विद्यार्थी आवतजावत गर्ने बाटो र विद्यार्थी संख्याको आधारमा नगर शिक्षा समितिको सिफारिसमा कार्यपालिकाले एक विद्यालयलाई अर्कोमा विद्यालयमा समायोजन तथा तह वा कक्षा घटाउन सक्नेछ ।

ख. कक्षा १-३ वा कक्षा १ -५ वा कक्षा ६ -८ सम्म सञ्चालन भएको विद्यालय र अर्को विद्यालयको दूरी २ किलोमिटर भन्दा कम र विद्यार्थी संख्या न्यून (तोकिएको औषत प्रतिकक्षा ५० जनाको एक तिहाइ भन्दा कम) भएमा नक्शांकनको आधारमा एउटा विद्यालयलाई नजिकको विद्यालयमा समायोजन (मर्ज (एकिकरण) / डाउनसाइज) गर्न सक्नेछ ।

ग. कक्षा ९ -१० वा कक्षा ९ -१२ सम्म सञ्चालित र अर्को विद्यालयको दूरी ४ किलोमिटर भन्दा कम र विद्यार्थी संख्या न्यून (तोकिएको औषत प्रतिकक्षा ५० जनाको एक तिहाइ भन्दा कम) भएमा नक्शांकनको आधारमा एउटा विद्यालयलाई नजिकको विद्यालयमा समायोजन (मर्ज (एकिकरण) / डाउनसाइज) गर्न सकिनेछ।

**घ.** यस दफामा उल्लेखित विद्यालय समायोजन, तह वा कक्षा घटाउन (डाउनसाइज) सम्बन्धी व्यवस्था नगर शिक्षा समितिको सिफारिसमा कार्यपालिकाको निर्णय बमोजिम हुनेछ।

**ङ.** यस दफा बमोजिम समायोजन तथा कक्षा / तह घटाउदा समायोजित वा तह घटेका विद्यालयका शिक्षक तथा कर्मचारीहरुलाई आवश्यकतानुसार नगरपालिका पुल दरबन्दी वा समायोजन गरीएको विद्यालय वा अन्य विद्यालयमा व्यवस्थापन/मिलान गरीने छ ।

**च.** समायोजन भएर जाने विद्यालयको दायित्व, भौतिक तथा अन्य सम्पत्तिको व्यवस्थापन कार्यपालिकाको निर्णयानुसार हुनेछ ।

**छ.** यस दफा अनुसार समायोजन हुने विद्यालयलाई नगर कार्यपालिकाले आवश्यकता अनुसार प्रोत्साहन अनुदान प्रदान गर्न सक्नेछ ।

## परिच्छेदः ३

### १०. शिक्षण सिकाइ सहयोग अनुदान :

**क.** नगरपालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयमा तोकिएको न्यूनतम विषयगत दरबन्दी (दरबन्दी वा राहत अनुदान वा शिक्षण सहयोग अनुदान) प्राप्त नहुँदा सम्म वा अर्को व्यवस्था नभए सम्मका लागि नगरपालिकाले शिक्षण सिकाइ सहयोग अनुदानको व्यवस्था गर्न सक्नेछ ।विद्यालयले अनुदान शिक्षक भर्ना गर्दा शिक्षा नियमावली २०५९ को अनुसूची १२ मा विद्यालयमा रहने शिक्षक दरवन्दीको प्राथमिकता बमोजिम पदपूर्ति गर्नुपर्नेछ ।

**ख.** खण्ड क अनुसार शिक्षण सिकाइ अनुदान कोटामा शिक्षक भर्ना नियमानुसार खुला विज्ञापन गरी पदपूर्ति गर्नु पर्नेछ । यसरी खुला विज्ञापन गर्दा निम्न माध्यमिक र माध्यमिक तहको गणित र विज्ञान विषयमा पहिलो पटक १५ दिने र पूनः ७ दिने सार्वजनिक सूचना प्रकाशन गर्दा पनि अध्यापन अनुमति प्राप्त व्यक्तिवाट निवेदन नपरेमा अध्यापन अनुमति पत्र नभएको योग्यता प्राप्त व्यक्तिवाट निवेदन लिइ नियमानुसार शिक्षक छनौट गर्न सकिनेछ ।

**ग.** शिक्षण सिकाइ अनुदान कोटा रिक्त भएमा वा नगरपालिकावाट थप भइ शिक्षक नियुक्त गर्नु पर्ने भएमा नगरपालिकाबाट शिक्षक भर्नाको अनुमति लिइ **नगर शिक्षा सञ्चालन कार्यविधि,२०७५ (संसेधन सहित)** बमोजिमको शिक्षक छनौट गरी नियुक्त गर्नु पर्नेछ । तर कुनै विद्यालयमा यो कार्यविधि लागू हुन भन्दा कम्तिमा १ वर्ष अगाडि सम्वन्धित तह र विषयको योग्यता प्राप्त शिक्षक प्रचलित शिक्षा ऐन र नियमावलीमा भएको व्यवस्था बमोजिम नियुक्त भइ कार्यरत रहेको भएमा वि.व्य.स.को निर्णय अनुसार करार सेवा निरन्तर हुन बाधा पर्ने छैन।

**घ.** शिक्षक सेवा आयोग नियमावली, २०५७ को नियम २४ उपनियम ३ ले गरेको व्यवस्था वमोजिम आयोगले प्रकाशन गरेको सम्वन्धित तहको शिक्षक पदको करार सूचीमा रहेका व्यक्तिहरुलाई सोही नियमालवीमा भएको व्यवस्था बमोजिम शिक्षक छनौट गर्न बाधा पर्ने छैन ।

**ङ.** शिक्षण सिकाइ अनुदानमा कार्यरत शिक्षकको पारिश्रमिक र विद्यालय कर्मचारी तथा बालविकास शिक्षकको नगरपालिकावाट दिइने थप अनुदान कार्यपालिकाले तोके वमोजिम हुनेछ ।

**च.** माथि जुनसुकै कुरा लेखिएको भएतापनि शैक्षिक सत्र २०८० श्रावण १ गते देखि चैत्र मसान्तसम्मको नगरपालिकाबाट विनियोजित शिक्षण सिकाई अनुदान वाफतको रकम गत शैक्षिक सत्र वमोजिम निकासा दिईनेछ ।

**छ.** विद्यालयले शिक्षकको कार्यसम्पादनका आधारमा न्यूनतम तलब स्केलमा नपुग हुने रकम आफ्नो आन्तरिक स्रोतबाट व्यवस्थापन गर्न सक्नेछ ।

**ज.** यस कार्यविधि बमोजिम एक पटक अनुदान पाइसकेका विद्यालयलाई साविकको शिक्षक दरबन्दीमा थप भएमा, विद्यार्थी संख्या उल्लेख्य रुपमा घटेको अवस्थामा नगरपालिकाबाट प्रदान गरीएको अनुदान रकम कटौती गर्न सकिनेछ ।

**११. शैक्षिक गुणस्तर अभिबृद्धिका लागि प्रोत्साहन अनुदान**

स्थानीय तह अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयहरुलाई तहगत रुपमा (कक्षा १ - ५, कक्षा ६ -८, कक्षा ९ - १०, कक्षा ११ -१२) रुपमा उत्कृष्ट शैक्षिक उपलब्धि ल्याउने विद्यालयलाई प्रोत्साहन अनुदान र न्यून सिकाइ उपलब्धि भएका विद्यालयहरुलाई सिकाइ उपलब्धि बढाउनका लागि विषेश अनुदान प्रदान गर्न सकिनेछ । उक्त अनुदान शैक्षिक गुणस्तर अभिबृर्द्धिका लागि मात्र प्रयोग गर्नुपर्नेछ ।

## परिच्छेद ४
## विविध

**१२. कार्यविधिको व्याख्या गर्न सक्ने**

कार्यविधिमा उल्लेख भएका व्यवस्थाले काम कारवाहिमा अस्पष्टता सिर्जना गरेमा कार्यविधिको मर्म तथा प्रचलित कानुनको प्रतिकुल नहुने गरी व्याख्या गर्ने अधिकार नगर कार्यपालिकामा हुनेछ ।

**१३. शिक्षकको सरुवा**

**क.** प्रत्येक शिक्षकलाई एउटा विद्यालयमा कम्तीमा ५ वर्ष काम गरि सके पश्चात निजलाई आवश्यकता अनुसार अर्को विद्यालयमा नियमानुसार सरुवा गर्न सकिनेछ।

**ख.** खण्ड क अनुसार सरुवा गर्दा विशेष अवस्थामा बाहेक शैक्षिक सत्रको प्रारम्भ वा अन्तमा गरीनेछ ।

**ग.** यो कार्यविधि लागू हुदाँका बखत एउटै विद्यालयमा कम्तीमा ५ वर्ष पुगिसकेकालाई कार्यविधि अनुसार नियमानुसार सरुवा गर्न बाधा पुग्ने छैन ।

**घ.** विद्यालय सञ्चालन र व्यवस्थापनमा प्रतिकूल वातावरण सिर्जना गर्ने, पठनपाठनमा अवरोध तथा समस्या सिर्जना गर्ने, कार्य सम्पादन मूल्यांकनमा न्यून स्तर भएका र प्रचलित कानून वमोजिम कामकाज नगर्ने प्रधानाध्यापक, शिक्षक, कर्मचारीलाई नियमानुसार विद्यालय व्यवस्थापन समितिको सिफारिशमा नगर शिक्षा समितिबाट नगर भित्रका जुनसुकै विद्यालयमा कुनै पनि समयमा सरुवा गर्न सकिनेछ र यदि त्यस्तो शिक्षक अनुदानमा कार्यरत भएमा प्रधानाध्यापकलाई तत्काल करार सम्झौता रद्ध गर्न नगरपालिका/नगर शिक्षा समितिले निर्देशन दिन सक्नेछ ।

**१४. प्रधानाध्यापक व्यवस्थापन**

**क.** विद्यालयको प्रशासकीय प्रमुखको रुपमा काम गर्न प्रत्येक विद्यालयमा एकजना प्रधानाध्यापक रहनेछ ।

**ख.** प्रत्येक विद्यालयमा प्रधानाध्यापकको व्यवस्थापन नगरपालिकाले यसै कार्यविधि अनुसार आवश्यकता र औचित्यको आधारमा सवै विद्यालयहरुमा योग्यता प्राप्त शिक्षकको व्यवस्थापन गर्न सक्नेछ ।

**ग.** नगर कार्यपालिकाको निर्णय बमोजिम प्रत्येक विद्यालयमा स्थायी शिक्षक व्यवस्थापन भए पश्चात विद्यालय व्यवस्थापन समितिले शिक्षा नियमावली,२०५९ मा भएको व्यवस्था बमोजिम विद्यालयको प्रधानाध्यापक नियुक्त गर्न सक्नेछ ।

**घ.** खण्ड ख र ग अनुसार नियुक्त प्रधानाध्यापकले आफ्नो ५ वर्षे कार्यकालमा उक्त विद्यालयवाट अन्यत्र सरूवा/व्यवस्थापन भइ जान चाहेमा कार्यालय सहमति दिन वाध्य हुने छैन ।

**१५. विद्यालयको शिक्षक दरबन्दी सम्वन्धमा**

सवै तहमा विद्यार्थी संख्या र विषयगत शिक्षक दरबन्दी मिलान गरी शिक्षक दरबन्दी भएको विद्यालय वाट शिक्षक दरबन्दी नभएको र राहत तथा अन्य किसिमका शिक्षकसंग व्यवस्थापन गरीए पनि नगरपालिकाको शिक्षा ऐन नवन्दा सम्म हाल विद्यालयमा रहेका शिक्षक दरबन्दीहरु यथावत रहने छन।

**१६. खेलकुद तथा साँस्कृतिक शिक्षक**

नगरपालिका अन्तर्गतका विद्यालयहरुमा खेलकुद लगायतका अतिरिक्त क्रियाकलाप प्रबर्द्धनका गर्न खेलकुद तथा साँस्कृतिक शिक्षकको व्यवस्थापन गर्न सकिनेछ ।

१७. यस कार्यविधि बमोजिम नगरपालिका बाट विनियोजित बजेट बाट शिक्षण सिकाई सहयोग अनुदानमा शिक्षक नियुक्ती गर्दा पहिलो पटकको विज्ञापनमा यस नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा कार्यरत निजिश्रोत शिक्षकहरुलाई निज कार्यरत पदको समान तह र विषयका लागि उमेदवार हुन उमेर हद लाग्ने छैन ।उपरोक्तानुसार कार्यरत निजिश्रोत शिक्षकहरुले नियुक्ती पत्र र सेवा प्रमाणित पत्र अनिवार्य रुपमा पेश गर्नुपर्ने छ ।

१८. यो कार्यविधि स्वीकृत भई लागुहुनु पूर्व विद्यालयहरुलाई प्रदान गरिएका अनुदान तथा कार्यहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

**आज्ञाले,**
**खेमराज विष्ट**
**प्रमुख प्रशासकीय अधिकृत**